STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन ३ गते मंगलबार ❑ 15 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सदन संचालन र विधेयकअगाडि बढाउने विषयमा सर्वदलीय बैठकमा छलफल

रासस
काठमाडौं, २ फागुन

संघीय संसद्मा प्रतिनिधित्व गर्ने दलहरू सम्मिलित सर्वदलीय बैठकमा संसद् बैठकलाई सञ्चालन गर्न पहल गर्ने तथा सदनमा पेस हुने क्रममा रहेका विधेयकलाई अगाडि बढाउने विषयमा छलफल भएको छ ।

सभामुख अग्निप्रसाद सापकोटाको आह्वानमा आज सङ्घीय संसद् सचिवालय सिंहदरबारमा बसेको सर्वदलीय बैठकमा विपक्षीलगायत संसद्मा प्रतिनिधित्व गर्ने सबै दलसँग नियमित छलफल गरेर सदनको कामकारबाहीलाई प्रभावकारी ढङ्गले अगाडि बढाउने विषयमा छलफल भएको छ । बैठकमा राष्ट्रिय महत्वका विषयमा आमसहमति बनाउन सबैले पहल गर्ने विषयमा पनि छलफल भएको सभामुख सापकोटाले जानकारी दिनुभयो । "आजको बैठकले संसद् सञ्चालन गर्नका निम्ति सबैलाई गम्भीर बनाएको छ, सदन खुलाउन पहल गर्ने अनुभूति भएको छ, यसका साथै विधेयकसम्बन्धी धेरै गम्भीर ढङ्गले छलफल भएको छ", बैठकपछि उहाँले भन्नुभयो, "नागरिकता, नागरिक उड्डयनलगायत महत्वपूर्ण विधेयक पारित गर्नुपर्नेछ, राष्ट्रियसभाबाट पारित भएर आएका विधेयक पारित गर्नुपर्ने अवस्था छ ।"

सदनबाट पारित हुनुपर्ने विधेयकबारे आफूले प्रधानमन्त्री शेरबहादुर देउवा र विभिन्न राजनीतिक दलका नेतासँग गम्भीर ढङ्गबाट कुरा राखेको उहाँले जानकारी दिनुभयो । "समसामयिक विषय र राष्ट्रिय जीवनका सबै समस्याहरूमा व्यापक छलफल भएको छ, यो छलफललाई जारी राख्नुपर्छ भन्ने सबैको समान धारणा आएको छ", सभामुख सापकोटाले भन्नुभयो । उहाँले सदनलाई सञ्चालन गर्न पहल र प्रयत्न गर्ने तथा थाती विधेयक पारित गर्न र राष्ट्रिय रूपमा देखिएका समस्या समाधान गर्न अधिकतम पहलकदमी लिइने बताउनुभयो । सदनलाई सञ्चालन गर्नका लागि छलफलको वातावरण बनाउनु नै राष्ट्रको महत्वपूर्ण विषय भएकामा सबैको एकमत पाएको उहाँले बताउनुभयो ।

एमसिसी सम्झौताका बारेमा पनि सबैले आ-आफ्नो धारणा राखिरहेको स्पष्ट रहेको उल्लेख गर्दै उहाँले आफूले तटस्थ, निष्पक्ष र स्वतन्त्र ढङ्गबाट निर्णय लिइने बताउनुभयो । एमसिसीलाई कसरी अगाडि बढाउने भन्ने विषय दलहरूको हातमा रहेको बताउँदै उहाँले भन्नुभयो, "निर्णायकको भूमिका त दलहरूकै हुन्छ ।"

बैठकमा सहभागी नेकपा (एकीकृत समाजवादी) का नेता जीवनराम श्रेष्ठले संसद्लाई सञ्चालन गर्ने सन्दर्भमा सभामुखले सर्वदलीय बैठकको आह्वान गर्नुभएको बताउनुभयो । संसद्मा रहेका महत्वपूर्ण विधेयकलाई कसरी अगाडि बढाउने भन्ने विषयमा बैठकमा छलफल भएको उहाँले जानकारी दिनुभयो । प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले लगातार संसद् अवरोध गरिरहँदा नागरिकता, महिला हिंसा रोकथामलगायत ४२ विधेयक संसद्मा अलपत्र परेका छन् ।

उहाँले एमालेले गैरकानुनीरूपमा संसद् अवरुद्ध गरिरहेको प्रतिपक्षीको व्यवहारले लोकतन्त्र कमजोर भइरहेको बताउनुभयो । "बैठकमा प्रतिपक्षीलाई सहमतिमा ल्याउन प्रयास गर्नुपर्छ भन्ने विषयमा छलफल भयो, गलत काम ढाकछोप गर्न सधैं संसद् अवरुद्ध गर्ने र जनताको आवाजलाई प्रवेश गर्न नदिने अवस्था अन्त्य गर्नुपर्छ, त्यसका लागि सदनलाई सञ्चालन गर्नुपर्छ भन्ने नै निष्कर्ष रह्यो ।"

## सिर्जनाचोकमा पोखराको पहिलो आकाशे पुल

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन

पर्यटकीय नगरी पोखराको व्यस्त बजार सिर्जना चोकमा आकाशे पुल निर्माण सम्पन्न भएको छ । बढ्दो जनसङ्ख्या तथा सवारीसाधनको चाप दृष्टिगत गरी पोखरा महानगरपालिकाले सो पुल निर्माण गरेको हो ।



पूर्वमन्त्री रवीन्द्र अधिकारीले पूर्वाधार विकास कार्यक्रममार्फत रु ५० हजार रकम विनियोजन गरेसँगै सो आकाशे पुल निर्माण कार्य सुरु गरिएको थियो । गण्डकी प्रदेशको राजधानी पोखरामा निर्माण गरी सञ्चालनमा आएको पहिलो सो आकाशे पुल पूर्वाधार विकासको रकमसहित कूल दुई करोड १० लाख ३० हजार ७९९ को लागतमा निर्माण सम्पन्न भएको हो । एक स्थानबाट आकाशे पुलमा चढेपछि चारैतर्फबाट ओर्लन सुविधा पुग्ने स्टिल ट्रस 'पेडेस्ट्रेन ओभरहेड' प्रविधियुक्त सो पुलका लागि जमिनमुनि सिमेन्ट र जमिनको माथिल्लो भागका सबै संरचना निर्माणका लागि स्टिल प्रयोग गरिएको छ ।

पोखरा र आसपासका मुख्य पर्यटकीयस्थलका आकर्षक फोटो प्रदर्शनले सौदर्यकरण गरिएको उक्त आकाशे पुल पछिल्लो समय यात्रुलाई बाटो काट्न सहज पुग्नुका साथै टिकटक बनाउने र फोटो खिच्नेका लागिसमेत थप आकर्षण बनेको छ । महानगरसँग २०७६ जेठ ५ गते आकाशे पुल निर्माणको लागि निर्माण कम्पनी केएम जेविएनएस पोखरा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## महाभियोगविरुद्ध निर्णय गर्ने जिम्मेवारी एमाले शीर्ष नेतृत्वलाई

रासस
काठमाडौं, २ फागुन

नेकपा (एमाले) को सोमबारको संसदीय दलको बैठकले प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणाविरुद्ध महाभियोग दर्ता गर्नेलगायत सत्तापक्षका गतिविधिको सदन, सडक र न्याय क्षेत्रबाट प्रतिवाद गर्ने निर्णय गरेको छ ।

पार्टीका अध्यक्ष एवं दलका नेता केपी शर्मा ओलीको अध्यक्षतामा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भएको बैठकले महाभियोगको प्रस्ताव स्थानीय तहको निर्वाचनलाई सार्ने तथा मिलेनियम च्यालेन्स कर्पोरेशन (एमसिसी) लाई जसरी पनि पारित गर्ने नियतले ल्याइएको निष्कर्ष निकालेको सो दलका प्रमुख सचेतक विशाल भट्टराईले जानकारी दिनुभयो ।

उहाँले एमालेले आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा वस्तुस्थिति विश्लेषण गरेर शीर्ष नेताले निर्णय लिने र आवश्यक पर्दा प्रयोग गर्ने गरी सांसद्हरुको हस्ताक्षर सङ्कलन भइरहेको पनि जानकारी दिनुभयो ।

बैठकमा सांसदहरुको प्रश्नको जवाफ दिँदै अध्यक्ष ओलीले एमसिसीबारे सत्ता गठबन्धनको एकीकृत धारणा आएपछि उचित समयमा एमालेले त्यसबारे देश र जनताका पक्षमा आफ्नो धारणा दिने स्पष्ट पानुभएको थियो ।

एमालेले आफ्ना १४ सांसदलाई कारबाहीका लागि गरिएको सिफारिस लागू नभएकामा संसद् बैठकमा विरोध जनाउँदै आएको छ ।

## प्रविधिमैत्री व्यवसायका लागि महिला पर्यटन

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन

पर्यटन ब्यवसायलाई प्रविधिमैत्री बनाउनका लागि पोखराका महिला पर्यटन व्यवसायीलाई डिजिटल अनलाइनसम्बन्धी तालीम प्रदान गरिएको छ । महिला पर्यटन व्यवसायी महिला मञ्च (ओटेफ)को आयोजना तथा नेपाल पर्यटन बोर्ड गण्डकीको प्रवर्द्धनमा सङ्घमा आवद्ध सदस्यलाई डिजिटल मार्केटिङ तालिम प्रदान गरिएको हो ।



तालिमको समापन समारोहमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारीले प्रविधि मैत्री व्यवसाय अहिलेको आवश्यकता भएको जनाउँदै प्रविधिको सही प्रयोगबाट व्यवसायलाई प्रवर्द्धन गर्न सकिने धारणा राख्नुभयो । उहाँले पछिल्लो समय अधिकांश पाहुनाले सोसल साइटको प्रयोग गर्ने भएकाले त्यसबारे व्यवसायीले आफ्नो सेवा सुविधा लगायतका विषयमा जानकारी दिन सके व्यवसाय प्रवर्द्धन हुँदै जाने बताउनुभयो । उहाँले वर्तमान अवस्थामा अधिकांशको हातमै भइराख्ने मोवाइलएपको प्रयोगबाट संसार भर व्यवसायको बारेमा जानकारी दिन सकिने रतालिम पश्चात व्यवसायी महिलाले सामाजिक सञ्जालको प्रयोगबाट आफ्नो व्यवसायलाई मार्केटिङ्ग गर्न सक्षम हुने विश्वास व्यक्त गर्नुभयो । पोखरा होटल संघ नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले पर्यटन क्षेत्रमा डिजिटल मार्केटिङ सम्बन्धी तालीम अपरिहार्य हुँदै गएको र घरमै बसेर प्रविधिको प्रयोगबाट विश्वव्यापी रुपमा व्यवसाय प्रवर्द्धनका लागि सघाउ पुग्ने बताउनुभयो । नेपाल एसोसिएसन टुर्र एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले सहि समयमा सहि निर्णयको आवश्यता औल्याउँदै समयानुकुल व्यवसायका लागि डिजिटल मार्केटिङ्गको आवश्यकता माथि जोड दिनुभयो ।

सङ्घका संस्थापक अध्यक्ष पार्वती पाण्डेले व्यवसायी महिलाको नेतृत्व व्यत्तित्व विकासका कार्यक्रमसँगै व्यवसायिक क्षमता विकासका लागि प्रविधि मैत्री तालिमको आवश्यकता महसुस गरी तालिम प्रदान गरिएको बताउनुभयो । उहाँले प्रतिष्पर्धाको युगमा गुणस्तर सेवा प्रवाहका लागि प्रविधिको उच्चातम र सहि प्रयोगको आवश्यकता र खाँचो औल्याउनुभयो ।

दुई दिने सो तालीममा प्रशिक्षक पारस देवकोटा र उज्जल पौडेले डिजिटल मार्केटिङका सैद्धान्तिक र व्यवहारिक प्रयोगको बारेमा प्रशिक्षण दिनुभएको महासचिव ममता न्यौपानाले जानकारी दिनुभयो । तालिममा सहभागि विष्णु गुरुङ एकता, माया सुवेदी र लक्ष्मी सुवेदीले तालिमको अनुभव सुनाउँदै प्रविधिको युगमा व्यवसायलाई प्रविधिमैत्री बनाएर लैजानको लागि तालिम निकै फलदायी बनेको धारणा राख्नुभएको थियो ।

संस्थाका सचिव एवम कार्यक्रम संयोजक शर्मिला न्यौपानेले प्रविधिको सही प्रयोगबाट व्यवसायलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा संस्थाका ५० जना व्यवसायी महिलाको तालिम प्रदान गरिएको जानकारी दिनुभयो ।

## ७४७ सङ्क्रमित थपिए, आठको मृत्यु

रासस
काठमाडौं, २ फागुन

देशभर पछिल्लो २४ घण्टामा थप ७४७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय आठ हजार ६९६ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७३ हजार ५४१ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३७ हजार ६७७ रहेको छ । पछिल्लो समय थप दुई हजार ३१९ सङ्क्रमणमुक्त भएका छन् ।

योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ४० हजार ९०२ पुगेको छ । यो दर ९६ दशमलव ६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हालसम्म कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९०० पुगेको छ भने पछिल्लो २४ घण्टामा थप आठ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । पछिल्लो समय दुई लाख १६ हजार ११८ ले खोप लगाएको मन्त्रालयले जनाएको छ । हालसम्म सक्रिय सङ्क्रमितको सङ्ख्या २० हजार ७३९ रहेको छ । अहिले होम आइसोलेशनमा १९ हजार ९३० रहेका छन् । त्यसैगरी संस्थागत आइसोलेशनमा ८०९, आइसीयुमा १७८ र भेन्टिलेटरमा ३४ जनाले उपचार गराइरहेका छन् ।

VACANCY ANNOUNCEMENT

Global Mark education is an established multinational organization Providing genuine and quality education and migration services to the students who are willing to study in Australia for higher education. We are providing our Services from Australia, Sri Lanka, India and 4 different branches in Nepal: Kathmandu, Pokhara, Chitwan and Butwal. We are hiring following positions in our newly opening branch in Chipledhunga, Pokhara. so, if you think you are suitable for these positions, we highly encourage you to apply. If you have the skill and can-do attitude but no experience just apply, we will provide you training. Please send your Curriculum vitae (Resume) and a passport size photo by 4th Feb 2022 to Email: pokhara@gmeducation.com.au or globalmarkpokhara@gmail.com

**Note: Please mention the position you are applying for in the subject section of your email.**
**Position: Education Consultant/ Counsellor**
**The role will be full time (Sunday- Friday)**

**Duties:**
- Provide professional and genuine consultation to the students.
- Assist students to facilitate their admissions to various Australian College and Universities.
- Conduct Informational seminars/webinars for prospective students.
- Communicate with students in professional and timely manner.
- Keep record of students in our database.
- Coordinate with other staff members and Office manager to provide quality and appropriate service to the students.
- Assist in formulation of marketing strategies.

**Qualities:**
- Should be a Bachelor/Masters graduate
- Previous experience in education Counselling (Preferred but not compulsory)
- Be Self-motivated and able to achieve targeted goals.
- Good Communication and interpersonal skills (Should be fluent in English Speaking and writing both)
- Interest in a long-term careerBe proper organised, follow the procedures and able to perform the work under pressure and given deadlines.
- Be a QEAC(Qualified Education Agent Counsellor) or Willing to obtain QEAC( We will support you to obtain QEAC)

**Benefits:**
- Competitive salary with incentives as per company policy.
- Opportunity to build a career in the education/migration industry.
- Opportunity to be upskilled and well trained.

Position: Front Desk Officer

**Duties:**
- Receiving visitors at the front desk with greeting, welcoming, directing and serving them appropriately.
- Answering, screening and forwarding incoming phone calls.
- Send emails to the clients as per requirements.
- Perform other clerical receptionist duties.
- Documentation
- Other duties as required.

**Qualities required:**
- +2 Graduate or bachelor's degree running can apply
- Good communication skills
- Proficient in English writing skills with the command of spelling, grammar, and punctuation
- Proficiency with Microsoft Office Suite
- Professional attitude and appearance
- Punctual and willing to work in odd hours when needed

**Benefits:**
- Competitive salary with incentives as per company policy.
- Opportunity to build a career in the education/ migration industry
- Opportunity to be upskilled and well trained.

**Global Mark Education**
Chipledhunga, Pokhara, Ph. 061- 419023, 9856019073
Website: www.gmeducation.com.au

# दमौलीको आन्तरिक राजस्व कार्यालयद्वारा चार अर्ब राजस्व संकलन

**पोखरापत्र संवाददाता**
**दमौली, २ फागुन**

आन्तरिक राजस्व कार्यालयले चालू आर्थिक वर्षको छ महिनाको अवधिमा रु चार अर्बभन्दा बढी राजस्व सङ्कलन गरेको छ । कार्यालयले चालू आर्थिक वर्ष २०७८/७९ को साउनदेखि पुस मसान्तसम्म रु चार अर्ब २५ करोड तीन लाख राजस्व सङ्कलन गरेको हो ।

कार्यालयले उक्त अवधिमा रु चार अर्ब एक करोड ५१ लाख ४६ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा लक्ष्यभन्दा रु २३ करोड ५१ लाख ५७ हजार बढी सङ्कलन भएको कर अधिकृत युक्तप्रसाद सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार छ महिनामा लक्ष्यको एक सय पाँच प्रतिशत बढी राजस्व सङ्कलन भएको छ । कार्यालयका अनुसार अन्तःशुल्कतर्फ रु दुई अर्ब ७९ करोड ९९ लाख, स्वास्थ्य सेवातर्फ रु ८९ करोड ६८ लाख २० हजार, आयकरतर्फ रु ३२ करोड १३ लाख ४३ हजार, भ्याटतर्फ रु १९ करोड ७२ लाख ८० हजार, व्याजकरतर्फ रु दुई करोड ७७ लाख ९३ हजार, घरबहाल करतर्फ रु ७१ लाख १६ हजार र शिक्षा सेवा शुल्कतर्फ रु पाँच हजार सङ्कलन भएको छ । गत आव २०७७/७८ को छ महिनामा कार्यालयले रु तीन तीन अर्ब ५५ करोड ५२ लाख ९५ हजार राजस्व सङ्कलन गरेको थियो । गत आवको तुलनामा चालू आवको छ महिनामा रु ६९ करोड पाँच लाख आठ हजार बढी राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । पुस महिनामा मात्रै कार्यालयले रु एक अर्ब नौ करोड ४७ लाख चार हजार सङ्कलन गर्ने लक्ष्य राखेकामा रु एक अर्ब २७ करोड ५३ लाख पाँच हजार राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले तनहुँसहित लमजुङ, गोरखा र मनाङको असुली गणना, लेखा परीक्षण र अनुसन्धानको काम गर्दै आएको छ । यद्यपि गत वर्षदेखि गोरखा र लमजुङमा करदाता सेवा कार्यालय स्थापना भएको छ । मनाङका करदाताले लमजुङबाट कर तिर्नसक्ने व्यवस्था मिलाइएको छ । उक्त दुई जिल्लामा करदाता सेवा कार्यालय नहुँदा त्यहाँका करदाताले पनि दमौलीमै आएर कर तिर्नुपर्ने बाध्यता थियो ।

कार्यालयले करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम, करदातासँग अन्तर्क्रिया कार्यक्रम गर्दै आएको छ । उद्योग वाणिज्य सङ्घ, चेम्बर अफ कमर्सको सहकार्यमा त्यो काम हुँदै आएको बताइएको छ ।

# बाबुआमाको स्मृतिमा मगर संघ, कास्कीलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**



हालः बहराइनमा कार्यरत दाजुभाइ रामबहादुर थापामगर र हेमबहादुर थापामगरले आफ्ना दिवंगत बाबु आमाको सम्झनामा नेपाल मगर संघ, कास्कीलाई आर्थिक सहयोग गर्नुभएको छ ।

नेपाल मगर संघ, कास्कीको भौतिक स्तरोन्नतिका लागि रामबहादुर र हेमबहादुरले आफ्ना दिवंगत बाबु स्व. बालसिंह थापामगर र आमा स्व. विष्णुकुमारी थापामगरको स्मृतिमा ५० हजार ५ सय ५५ रुपैयाँ आर्थिक सहयोग गर्नुभएको हो । सो सहयोग रकम सोमबार नेपालका प्रथम शहीद लखन थापामगरको १४५ औं स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा नेपाल मगर संघ, कास्कीकी जिल्ला सचिवालय सदस्य देउकुमारी थापामगरले अध्यक्ष संगीता पुनमगरलाई हस्तान्तरण गर्नुभयो । सहयोग हस्तान्तरण कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय सल्लाहकार बालासिंह काउछामगर, नेपाल मगर संघ, कास्कीकी उपाध्यक्ष बुद्धिमाया थापामगर, सचिव रामबहादुर थापामगर, सह-सचिव लालबहादुर रानामगर, कोषाध्यक्ष चन्द्रबहादुर पुर्जामगर, नेपाल मगर पत्रकार संघका केन्द्रीय उपमहासचिव रूद्रबहादुर श्रीसमगरलगायतको उपस्थिति रहेको थियो ।

# पोखरामा ठेलो खेल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

ठेलो(छेलो) हान्ने खेल गण्डकी प्रदेशको परम्परागत मौलिक खेल हो । कास्की, बागलुङ र म्याग्दीलगायतका प्रदेशका अधिकांश जिल्लामा विभिन्न मेला तथा पर्वमा विभिन्न समुदायले आफ्नो मौलिक खेलका रुपमा यस खेलको महत्व निकै हुन्थ्यो । पर्व तथा मेलामा यसलाई छुटाइँदैनथ्यो ।

मौलिक खेल ठेलो परापूर्वकालदेखी सञ्चालन हुँदै आएकामा पछिल्लो समय लोप हुँदै गएपछि ठेलो खेलको विकास र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले पोखरामा महिला तथा पुरुष खुला ठेलो खेल प्रतियोगिता सञ्चालन हुने भएको छ । प्रदेश खेलकुद परिषद्ले गण्डकी प्रदेश सरकार स्थापनाको अवसरमा मंगलबार पोखरा रङ्गशालामा परम्परागत ठेलो खेलको प्रतियोगिता हुने जनाएको छ । परिषद्ले प्रदेशको परम्परागत ठेलो खेल प्रतियोगिता आयोजना गरी सरकार स्थापना दिवस मनाउन लागेको हो ।

प्रतियोगितामा परम्परागत ठेलो खेलका तीन 'इभेन्ट' रहने परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार पुरुषतर्फको दुई समूह (ठूलो र सानो ठेलो) तथा महिलातर्फको एक समूहको खेल सञ्चालन हुनेछ । प्रदेशमा परम्परागत खेलको विकास र खेललाई आधुनिक तरिकाले अघि बढाउने अभिप्रायले ठेलो खेलको आयोजना गरिएको सदस्य सचिव गुरुङले बताउनुभयो ।

उहाँले भन्नुभयो, "गाउँघरमा मेला महोत्वस तथा चाडबाडको समयमा खेलिँदै आएको ठेलो खेललाई आधुनिक तरिकाले परिमार्जित गर्दै नियमसमेत बनाएर प्रतियोगिता आयोजना गर्न लागेका छौं । ठेलो खेललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा समावेश गर्नका लागि पनि आधुनिक तरिकाले लैजानुपर्ने हुन्छ ।"

प्रतियोगिताको प्रथम हुनेले उपाधिसहित रु ६० हजार पुरस्कार पाउने छन् भने द्धितीय र तृतीयले क्रमशः रु ३० हजार र १५ हजार प्राप्त गर्नेछन् । गाउँमा खेलिनेभन्दा केही फरक तरिकाले प्रतियोगिता सञ्चालन हुने बताइन्छ । पहिलो चरणमा तीन पटकसम्म प्रतियोगिले प्रहार गर्न पाउने छन् । खेलाडीले चाहेको खण्डमा लगातार तीन पटकनै प्रहार गर्न पनि पाउनेछन् । यस्तै खेलमा दुई वा सो भन्दा बढी खेलाडीको नतिजा बराबर भएमा खेलाडीको दोस्रो नतिजाको वरियतालाई आधार मानेर नतिजा घोषणा हुनेछ ।

दोस्रो नतिजामा समेत बराबरी भएमा क्रमशः तेस्रो, चौथो, पाँचौं र छैटौं प्रहारको उत्कृष्ट नतिजाको आधारमा विजेता घोषणा गरिने छ । ठेलो एक हातलेमात्रै फाल्न पाउने र ठेलो फाल्दा साँधमा (निश्चित घेरा) टेकेर फाल्नुपर्नेछ भने फालिएको ठेलो नखसेसम्म बाहिरी भूभागमा छुन गए मान्यता नपाइने नियम बनाइएको छ ।

# त्रिविमा डेड सय दिन तालाबन्दी : शैक्षिक क्यालेन्डर पालना गर्न चुनौती

**रासस**
**काठमाडौं, २ फागुन**

त्रिभुवन विश्वविद्यालले कोराना महामारीको क्रममा भएका बन्दाबन्दीको अलावा चालु शैक्षिक सत्रको गत पुससम्ममा झण्डै डेढ सय दिन तालाबन्दीको मार खेपेको छ । विभिन्न विद्यार्थी तथा प्राध्यापक सङ्घसङ्गठनका नाममा उक्त अवधिमा जम्मा १४९ दिन विश्वविद्यालयमा तालाबन्दी भएको छ । गत माघ ६ गतेदेखि हालसम्म एउटा विद्यार्थी सङ्गठनले इकाइ समितिको नामबाट र गत हप्तादेखि आंशिक शिक्षकका नाममा तालाबन्दी कायमै छ ।

तिनै तालाबन्दी गर्ने समूहले त्रिविको शैक्षिक क्यालेन्डर निश्चित नभएको, परीक्षाको नतिजा समयमा प्रकाशन नभएको र त्रिविको गुणस्तर खस्कँदै गएको भन्दै विरोध गरिरहन्छन् । विश्वविद्यालयमा निरन्तर तालाबन्दी गराइनुका साथै पदाधिकारीका कुर्सी जलाउने, तोडफोड गर्ने र आफूनै दैवतुल्य गुरुलाई अशिष्ट व्यवहार गर्ने मात्र नभएर विश्वविद्यालय परिसरमा मरणासन्न हुने गरी साङ्घातिक हमला गरी आफ्ना गुरुलाई अपाङ्ग बनाउने कार्य पनि सो विश्वविद्यालयमा भएको छ । विश्वविद्यालयले प्रधानमन्त्री एवं त्रिविका कुलपति, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति र तालाबन्दी गर्ने विद्यार्थी सङ्गठनको केन्द्रीय नेतृत्व समेतलाई विशेष आग्रह गर्दै आएको छ । यसको अलावा गत हप्ता आंशिक शिक्षकका नाममा लगाइएको तालाबन्दीलाई सम्बोधन गर्न पूर्वगठित वार्ता समितिलाई जिम्मा दिएको छ । आंशिक शिक्षकको समस्यालाई समाधान गर्न पहिले जारी गरेका प्रतिबद्धताअनुरुप त्रिवि आंशिकलाई सम्बन्धित क्याम्पसबाटै आन्तरिक व्यवस्थापन गर्दै जाने, सेवा आयोगद्वारा नियमित विज्ञापन गरी आंशिकलाई स्थायी हुने अवसर प्रदान गर्दै जाने र २०७४ सालमा नेपाल सरकारले स्वीकृत गरेको एक हजार ४२० दरबन्दीलाई आवश्यक पर्ने आर्थिक स्रोतका लागि निरन्तर सरकारसँग पहल गरी आर्थिक स्रोत उपलब्ध हुनासाथ खुला प्रतिस्पर्धामार्फत आंशिक शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्ने विश्वविद्यालय नेतृत्वको प्रतिबद्धता छ । तालाबन्दी र अनशनको आडमा वा तालाबन्दीको दबाबमा विश्वविद्यालयका पदाधिकारीलाई भौतिक, मानसिक र नैतिक दबाब दिई आंशिक शिक्षकलाई स्वतः करार सेवामा, करार सेवा प्रवेशपश्चात् स्वतः स्थायी वा आन्तरिक प्रतिस्पर्धामार्फत स्थायी गर्ने परम्परालाई हालको त्रिवि नेतृत्वले अब उप्रान्त कदापि स्वीकार नगर्ने पनि स्पष्ट पारेको छ । मुलुकका ७६ जिल्लामा फैलिएको र उच्च शिक्षामा झन्डै ८० प्रतिशत भार बोकेको यो विश्वविद्यालय शिक्षा क्षेत्रमा गरेको योगदान, पहुँच र विस्तारका दृष्टिले अग्रणी मानिन्छ । पदाधिकारी नियुक्तिको पाँच महिना नपुग्दै विश्वमा देखिएको महामारीको प्रकोप, देशैभरि लागू गरिएको बन्दाबन्दी, विद्यार्थी, शिक्षक, कर्मचारीमा उत्पन्न भएको त्रासका बाबजुद विश्वविद्यालयको पठनपाठनलाई वैकल्पिक विधिबाट निरन्तरता दिनु चुनौतीपूर्ण भए पनि हाल एकै समयमा दुई लाख ४१ हजार शिक्षक विद्यार्थी माइक्रोसफ्ट टिममा जोडिन सक्ने स्थिति निर्माण भएको विश्वविद्यालयले जनाएको छ । "खुला प्रतिस्पर्धामार्फत आफूलाई अब्बल साबित गर्न खोज्ने, अनुसन्धानमा विशेष रुचि राख्ने, सृजनशील, लगनशील, अनुशासित शिक्षकलाई त्रिविले सदैव स्वागत गर्दछ", त्रिविका सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले आज जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, "निकट भविष्यमा नै देशको झन्डै ८० प्रतिशत उच्च शिक्षाको भार बोकेको त्रिविलाई हालको नेतृत्वले एक विशिष्टीकृत विश्वविद्यालयका रूपमा रुपान्तरण गरी यसको साखलाई अझ समृद्ध बनाउन लागिपरेको अवस्थामा प्रवेश परीक्षा र भर्ना प्रक्रिया, सेवा आयोगमार्फत दक्ष जनशक्ति छनोट प्रक्रियाका साथै विश्वविद्यालयको अन्तर्राष्ट्रियकरण एवं त्रिविलाई एक विशिष्टीकृत विश्वविद्यालयका रूपमा रुपान्तरण गर्ने कार्यमा नै असर गर्ने गरी अनावश्यक र असान्दर्भिक माग राखेर त्रिविमा निरन्तर तालाबन्दी गर्नुका पछाडिको उद्देश्यमा कतै प्राज्ञिकभन्दा भिन्नको तत्वले सक्रियता बढाइरहेको त छैन भन्ने गम्भीर आशङ्का पनि सिर्जना गरेको छ ।"

विश्वविद्यालयले सुधारका लागि त्रिविले अघि सारेको यस कार्यलाई सार्थक रुप दिन र त्रिविमा बारम्बर हुने तालाबन्दीलाई सदाका लागि अन्त्य गर्न सबै विद्यार्थी सङ्गठन, प्राध्यापक सङ्घ, कर्मचारी सङ्घ, विभिन्न वैचारिक सङ्गठन, नागरिक समाज, शिक्षाविद् र अधिकारकर्मीलाई अपिल गरेको छ ।

# लागूऔषधसहित ६ जना पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

प्रहरीले कास्कीका विभिन्न स्थानबाट लागूऔषधसहित ६ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पोखरा महागनरपालिका-१ सिमपानीका ३८ वर्षीय पूर्णबहादुर जलारी र पोखरा-१७ छोरेपाटनका ३१ वर्षीय सूर्यबहादुर थापा रहेका छन् । उनीहरूका साथबाट फेनरागन ७० एम्पुल, नुफ्रिन ६९ एम्पुल र डाइजापाम ७० एम्पुल बरामद गरिएको प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिनुभयो ।

त्यस्तै प्रहरीले पोखरा-१७ घारीपाटनबाट १९ वर्षीय प्रशन भण्डारी र १९ वर्षीय अनिस सुनार, पोखरा-१५ नयागाउँका २१ वर्षीय विकास नेपाली तथा स्याङ्जाको बिरुवा-८ घर भई हाल पोखरा-१५ नयागाउँ बस्ने २१ वर्षीय विशाल गुरुङलाईसमेत पक्राउ गरेको छ ।

# सिर्जनाचोकमा...

जेवीसँग सम्झौता भएको थियो । सो पुलको निर्माणकार्य २०७७ साउन महिनासम्म सम्पन्न गर्ने लक्ष्य रहेपनि तोकिएको समय भन्दा केही महिनापछि निर्माण सम्पन्न भएको थियो । नवनिर्मित उक्त आकाशे पुलको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले सोमबार उद्घाटन गर्दै पुलको उपयोगसँगै संरक्षणमा सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले मुख्य बजारका अन्य चोकमा पनि क्रमिक रुपमा आकाशे पुल निर्माण गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । उपप्रमुख मञ्जुदेवी गुरुङले पाँच वर्षको अवधिमा सीमित स्रोतसाधनका बाबजुद पनि महानगरले जनताका आधारभूत आवश्यकता पूरा गर्दै दीर्घकालीन योजना प्राथमिकताका साथ अघि बढेको बताउनुभयो ।

उक्त आकाशे पुल निर्माणसँगै ट्राफिक बत्तीकोसमेत व्यवस्था गरिनुपर्ने आवश्यकता औल्याउँदै पोखराका मुख्य बजार पृथ्वीचोक, महेन्द्रपुल, विरौटाचोक, राष्ट्रबैंकचोक, अमरसिंहचोक, सभागृहचोक लगायतकाविभिन्नस्थानमातत्काल आकाशे पुल निर्माण गर्नसके दुर्घटना न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्ने सर्वसाधारणको सामूहिक धारणा रहेको छ ।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्बन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# लघुजलविद्युत् परियोजना पुनःसञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ फागुन

गत भदौ महिनामा आएको बाढीले क्षति पुगेर बन्द भएको धौलागिरि गाउँपालिका-२ लुलाङस्थित दरखोला दोस्रो लघुजलविद्युत् परियोजना पुनःनिर्माण गरी सञ्चालन भएको छ।

भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित केन्द्रीय प्रसारण लाइनको विद्युत् र सडक यातायात नपुगेको लुलाङको दरखोलामा आएको बाढीले विद्युत्गृह, बाँध र नहर बगाएपछि ४३ किलोवाट क्षमताको परियोजना बन्द भएको थियो।

गण्डकी प्रदेश सरकार र धौलागिरि गाउँपालिकाको रु २२ लाख सहयोगमा परियोजना मर्मत भएको उपभोक्ता समितिका अध्यक्ष ज्ञानबहादुर पाइजाले जानकारीदिनुभयो । "गत पुस महिनादेखि सुरु भएको लघुजलविद्युत् परियोजना मर्मत गरेर आइतबार परीक्षण विद्युत् उत्पादन सफल भयो", उहाँले भन्नुभयो, "केही दिनमै नियमित विद्युत् आपूर्ति हुन्छ।" परियोजना मर्मतका लागि प्रदेशसभा सदस्य नरदेवी पुनको सिफारिसमा पूर्वाधार विकास कार्यक्रमको रु १२ लाख र धौलागिरि गाउँपालिकाले रु दश लाख विनियोजन गरेको वडाध्यक्ष गमप्रसाद विकले बताउनुभयो । परियोजनाको टर्वाइन, एलसी बोर्ड, रनर, अर्थिङ प्लेटलगायतका उपकरण परिवर्तन भएको छ । मुहानमा २५ मिटर कुलो निर्माण र मर्मत गरिएको छ। विद्युत्गृहको नयाँ भवन निर्माण भएको छ। नहर र विद्युत्गृहको उचाइसँगै उत्पादन क्षमता घटेर ३५ किलोवाटमा झरेको छ। खोलाको किनारदेखि केही माथि सुरक्षित ठाउँमा विद्युत् गृह निर्माण भएको कारण परियोजनाको उत्पादनसमेत घटेर ३५ किलोवाटमा सीमित भएको समितिले जनाएको छ । सो परियोजनाबाट उत्पादित विद्युत् लुलाङ, लमसुङ, मेस्नी र खोरियाका ३५४ घरधुरीले उपभोग गर्दै आएका छन्। परियोजना बन्द हुँदा घरायसी काम, विद्यार्थीको पठनपाठन, मोबाइल चार्ज, रेडियो सुन्न र टेलिभिजन हेर्न समस्या भएको थियो। परियोजना सञ्चालन भएपछि कुटानीपिसानी गर्ने मिल, फर्निचर उद्योग र मासु पसललगायतका घरेलु उद्योगलाई सहज भएको स्थानीय भक्त सिंकीजाले बताउनुभयो । गाउँपालिका अध्यक्ष थमसरा पुनले परीक्षण उत्पादन सफल भएको र स्थानीय उपभोक्ताको बैठक बसेर नियमितरुपमा विद्युत् सेवा सञ्चालन गरिने बताउनुभयो । "दुर्गम बस्ती विद्युत् सुविधाबाट वञ्चित हुँदा सास्ती भएको थियो", उहाँले भन्नुभयो, "विद्युत्को समस्यालाई गम्भीरताका साथ लिएर समाधानमा जुटेपछि स्थानीयवासीलाई अँध्यारोमै बसिरहनुपर्ने बाध्यता हटेको छ ।" बाढीले बगाएर क्षतिग्रस्त बनेको परियोजनाको टर्वाइन, एलसी बोर्ड, रनर, अर्थिङ प्लेटलगायतका मेसिन उपकरण नयाँ फेरिएको छ भने मुहानमा २५ मिटर कुलो निर्माण र मर्मतको काम गरिएको छ। त्यसैगरी विद्युत् गृह भवन नयाँ निर्माण गरिएको छ। विसं २०७६ मा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रु ८५ लाख ९७ हजार, गाउँपालिकाको रु ५० लाख, रु ३३ लाख बराबरको श्रमदान र रु पाँच लाख तीन हजार चन्दा सहयोगमा परियोजना निर्माण भएको थियो। जुगेपानीको पहिरोले नहर र विद्युत्गृहमा क्षति पुगेपछि परियोजना स्थानान्तरण गरिएको वडाध्यक्ष विकले जानकारीदिनुभयो।

# पर्यटकको पर्खाइमा बराह ताल

**–खेमराज गौतम**
बागलुङ, २ फागुन



समुन्द्री सतहदेखि तीन हजार मिटरको उचाइमा समथर भागमा रहेको ताल वरपर सेताम्मे हिउँ । सिद्ध बराह मन्दिर छेउमा बराह ताल निकै मनमोहक देखिएको थियो । अङ्ग्रेजी यु आकारमा फैलिएको बराह ताल पर्यटकको पखाइमा छ । घना जङ्गलको बीचमा रहेको ताल प्राकृतिक सुन्दराताले समेत भरिपूर्ण छ।

ताल निकै मनमोहक र आकर्षक भए पनि प्रचारप्रसारका कारण त्यति चर्चामा आउन भने सकेको छैन। बागलुङको तमानखोला गाउँपालिका-२ मुठाचौरमा रहेको सो ताल पछिल्लो समय गाउँपालिकाले पर्यटकीय गन्तव्य बनाउन भने थालेको छ । बागलुङको दुर्गममध्येको गाउँपालिका तमानखोलाको शिरमा रहेको उक्त काललाई पर्यटकीय गन्तव्य बनाउन गाउँपालिकाले गुरुयोजना बनाएर संरक्षण र प्रवर्द्धन गर्न थालेको छ। धार्मिक महत्वसँगसमेत जोडिएको बराह तालमा वैशाखे पूर्णिमाभन्दा अघिपछि खासै चहलपहल हुँदैन । भौगोलिक जटिलता, घना जङ्गल, सडकको सहज पहुँच नपुगेका कारण बराह ताल पर्यटकको आकर्षक क्षेत्र भएर पनि ओझेलमा पर्दै आएका स्थानीयको गुनासो रहेको छ । सामान्य पोखरीसमेत पर्यटकीय गन्तव्यका रुपमा विकास भइरहेका सन्दर्भमा महत्वपूर्ण क्षेत्रका रुपमा रहेको निकै फराकिलो बराह ताल प्रचारप्रसारको अभावमा ओझेलमा परेको हो । अहिले तालको संरक्षण, आवश्यक पूर्वाधार प्रवर्द्धनमा स्थानीयले समेत अग्रसरता देखाउन थालेका छन् । विस्तारै तालको संरक्षण र प्रचारप्रसारमा गाउँपालिकाले देखाएको अग्रसरतामा स्थानीयले साथ दिन थालेको तमानखोला-२ का स्थानीय चूडामणि छन्त्यालले जानकारी दिनुभयो । "पौराणिक, ऐतिहासिक एवं पर्यटकीयस्थल बराहतालको संरक्षणसँगै प्रवर्द्धनमा जुटिरहेका छौं, अहिले तालको वरपर काँडेतार लगाउने, बराह मन्दिर निर्माण गर्ने, खानेपानी र शौचालय निर्माणको काम सम्पन्न भइसकेको छ", छन्त्यालले भन्नुभयो, "प्राकृतिकरुपमा अत्यन्तै मनमोहक रहेको बराह काललाई गाउँपालिकाले समेत संरक्षणका लागि बजेट विनियोजन गर्दै आएको छ, वैशाख पूर्णिमाका दिन यहाँ विशेष पूजा हुने गर्दछ।" फुस्रेको थान माथि र बराह थान भएको स्थानमा खानेपानीका विषयमा स्थानीयले झगडा गर्दा बराहले फुस्रेको थान भन्नेबाट झगडा गर्ने बराह आएकालाई यही तालमा नष्ट गरिएको किंवदन्ती छ। तालमा हिउँदका समयमा सेता हाँस पौडिरहेको अवस्थामा भेटिने गरेको स्थानीयको भनाइ छ। आँखा फुटेको बुढी बराहले यही तालमा बसेका कारण यहाँ बराह मन्दिर निर्माणसमेत गरिएको छ। गण्डकी प्रदेश सरकारको रु १० लाख बजेटमा काललाई काँडेतारले बारेको छ भने गाउँपालिकाले बराह मन्दिरको पुनःनिर्माण, शौचालय र खानेपानीको धारा निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले जानकारी दिनुभयो । "गाउँपालिकाको गुरुयोजनामा बराह तालका विषयमा समावेश गरेर पर्यटकीय केन्द्र बनाउने हाम्रो अभियान छ, हामी आइसकेपछि केही काम भएका छन्", अध्यक्ष बुढा मगरले भन्नुभयो, "पर्यटक लोभ्याउने बराह तालमा पर्यटक ल्याउन गाउँपालिकाले विभिन्न प्रवर्द्धनात्मक कामसमेत गर्दै आएको छ पर्यटकको पर्खाइमा रहेको बराह तालमा कुनै दिन खचाखच पर्यटक भित्रिनेछन् ।" तालको गहिराइ भने हालसम्म मापन गर्न नसकिएको गाउँपालिकाले जनाएको छ।

धार्मिक महत्व बोकेको सो काललाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सडकको पहुँच पुऱ्याउन आवश्यक रहेको स्थानीय ढालेन्द्र छन्त्यालले बताउनुभयो । खोलसबाङबाट पदमार्ग व्यवस्थित र भयरबोङ्गाबाट सडक पुऱ्याउन सके पर्यटक लैजान सहज हुने छन्त्यालको भनाइ छ । "यो तालको मनमोह रुप र धार्मिक महत्व हामीले बुझाउन सकेनौं, अहिले केही पालिका र स्थानीयको सक्रियतामा संरक्षण र प्रवर्द्धनको काम भइरहेको छ", छन्त्यालले भन्नुभयो, "बागलुङकै आकर्षक तालका रुपमा रहेको बराहलाई चिनाएर पर्यटक भित्र्याउनु हाम्रो मुख्य योजना छ।"

# जोखिम तथा नदी नियन्त्रणका लागि अध्ययन प्रतिवेदन तयार

**पोखरापत्र संवाददाता**
मनाङ, २ फागुन

हिमाली जिल्ला मनाङमा बाढीपहिराका कारण हुने जोखिम तथा पहिरो नियन्त्रणका लागि समग्र अध्ययन प्रतिवेदन तयार गरिँदैछ । बाढीपहिराका जोखिम नियन्त्रणका लागि मनाङको समग्र अध्ययन गरी प्रतिवेदन तयार गर्न लागिएको हो।

विगतमा भएका क्षतिको संरक्षण र बस्ती व्यवस्थापनका लागि उक्त क्षेत्रमा बसोबास तथा पूर्वाधार निर्माण गर्नका लागि अध्ययन प्रतिवेदन तयार गर्न लागिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार बाढीपहिरो गएर क्षति पुगेका क्षेत्रमा बस्ती व्यवस्थापन गर्नुका साथै पूर्वाधार निर्माणका लागि नेपाल सरकार गृह मन्त्रालय पठाइएको छ।

वर्षायाम सुरु हुन लागेसँगै जोखिम बस्तीको व्यवस्थापन तथा मर्स्याङ्दी नदी आसपासका क्षेत्रमा निजी आवास तथा सार्वजनिक भवन जस्ता पूर्वाधार निर्माणका लागि अध्ययन प्रतिवेदन तयार गर्न आग्रह गरिएको उहाँले बताउनुभयो । "वर्षायाम सुरु हुनु अगावै यहाँको अध्ययन तथा पुनःनिर्माणलाई तीव्रताका साथ अगाडि बढाउन अध्ययन प्रतिवेदन तयार गर्न लागिएको हो । उक्त क्षेत्रमा बस्ती बस्न उचित हुन्छ/हुँदैन भन्ने जानकारी हुन आवश्यक छ । भूगर्भविद्, जलविज्ञानविद्इञ्जिनीयरलगायतका प्राविधिक विज्ञहरुको टोलीले स्थलगतरुपमा अध्ययन गरी प्रतिवेदन तयार गरिने भएको छ", प्रजिअ आचार्यले भन्नुभयो, "प्रतिवेदनअनुसार निर्णय गरी पुनःनिर्माणको काम थालिने छ।"

केही दिनअघि मात्रै भूगर्भविद्, जलविज्ञानविद् र इञ्जिनीयरलगायत प्राविधिक विज्ञहरुको टोलीले स्थलगत अध्ययन गरेर फर्किएको उहाँले बताउनुभयो। आचार्यका अनुसार टोलीले उक्त प्रतिवेदन तयार गरी गृह मन्त्रालयमा पेश गर्नेछ। नासो गाउँपालिका-१ स्थित तालगाउँमा नदी नियन्त्रण र ताचै गाउँको पहिरो नियन्त्रणका लागि समग्र अध्ययन गरिएको छ।

प्रजिअ आचार्यका अनुसार विज्ञ टोलीले दिने प्रतिवेदनबमोजिम वर्ष अगावै तत्काल नदी तथा पहिरो नियन्त्रण गरी बस्तीको संरक्षण गर्ने कार्य अगाडि बढाइनेछ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०४२/१२/०७ गते

स्वर्गारोहणः वि.स. २०७८/१०/२० गते

**स्व. विपिन रन्जित**

पोखरा म.न.पा. वडा नं. ११ निवासी भूतपूर्व क्रिकेट खेलाडी **विपिन रन्जित** को ३६ वर्षको अल्पायू उमेरमा ब्रह्मलिन हुनु भएकोमा हामी अतिनै दुखित भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**अध्यक्ष**
**तथा**
**पोखरा क्रिकेट परिवार**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः वि.सं. १९८६/०५/२० गते

स्वर्गारोहणः वि.स. २०७८/१०/२० गते

**स्व. कुलप्रसाद मर्सानी**

यस संगीत प्रशिक्षण केन्द्रका पूर्व महासचिव श्री कृष्णप्रसाद मर्सानीको प्रातः स्मरणीय श्रद्धेय पिता **कुलप्रसाद मर्सानी**को असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**गौतम बिजुक्छे**
**अध्यक्ष एवं**
**संगीत प्रशिक्षण केन्द्र**
**विन्ध्यवासिनी, पोखरा-२ परिवार**